# कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ३ मितिः २०७६/०३/१०

**भाग-२**

**कालिका गाउँपालिका**

## आपतकालिन बालउद्धार कोष (सञ्चालन) कार्यविधि २०७६

प्रस्तावना :-

बालबालिकाको हक, अधिकारको संरक्षण तथा सम्वर्धन गरी बालबालिकाहरुमा अन्तरर्निहित प्रतिभाको विकासमा अनूकुल वातावरणको सिर्जना गर्न नेपाल सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता व्यक्त गरेको छ । त्यस्ता प्रतिबद्धताहरु पूरा गर्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न रुपमा प्रयास हुदैं आइरहेको छ । यद्यपी चरम गरिबी ,अशिक्षा दैवी विपत्ति, पारिवारीक दुर्घटना, सशस्त्र द्वन्द्व र बालबालिका विरुद्ध बढिरहेको हिंसा, शोषण तथा दुर्व्यवहारका घटनाले गर्दा बालबालिकाहरु आपतकालिन अवस्थामा रहेका छन् । यसरी आपतमा परेका बालबालिकाको उद्धार गर्न आपतकालिन बालउद्धार कोष सञ्चालन कार्यविधि २०७६ जारी गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्तनाम र प्रारम्भ :

१) यो कार्यविधिको नाम “आपतकालिन बालउद्धार कोष (सञ्चालन) कार्यविधि २०७६” रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) “कोष” भन्नाले नियम ३ बमोजिमको आपतकालिन बालउद्धार कोष सम्झनु पर्छ ।

ख) “आपतकालिन अवस्थामा रहेका बालबालिका”भन्नाले देहायका अवस्थामा रहेका बालबालिका सम्झनुपर्दछ :

१) जोखिमपुर्ण अवस्थामा रहेको,
२) जोखिमपूर्ण श्रममा संलग्न रहेको,
३) ऋणको कारणले बन्धकमा रहेको वाजवरजस्तीश्रम बाट पीडित भएको
४) शारीरिक वामानसिकयातनावा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित भएका,
५) दूर्घटना भएको ,प्राकृतिकवा दैवीप्रकोपमा परेको ,
६) बावु वाआमाकारागार वा हिरासतमा रहेको वाकुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे भएको ,
७) यौनशोषण,यौन दूर्व्यवहार,बेचविखनवाओसारपसार परेको ,
८) हिंसाबाटप्रभावितभएको,
९) बाबुआमावा संरक्षक बाट वञ्चितभएको,
१०) अपाङगताभएको,
११) अपहरण वाशरिर बन्धकमा परेको,
१२) सडकबालबालिका ,
१३) एच.आई.भि. एड्स संक्रमितभएको,
१४) लागुपदार्थदुर्व्यसनीमा परेको (बाबु आमा तथा संरक्षक कोहीनभएको)

ग) “गाउँपालिका” भन्नाले कालिका गाउँपालिका सम्झनु पर्दछ ।
घ) “समिति” भन्नाले दफा ७ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

३. कोषको स्थापना :

१) आपतकाल तथा जोखिममा परेका बालबालिकालाई तत्काल उद्धार,राहत र पुनःस्थापना गर्ने काम समेतको लागि आपतकालिन बालउद्धार निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

२) कोषमा देहाय बमोजिमको रकमहरु रहनेछन् :
क) नेपाल सरकारबाट प्राप्त रकम ,
ख) विदेशि सरकार , अन्तराष्ट्रि संघ, संस्थावा व्यक्तिबाट प्राप्त रकम,
ग) स्वदेशि संघ,संस्थावा व्यक्तिबाट प्राप्त रकम,
घ) अन्यकुनै स्रोतबाट प्राप्त रकम ।

४. कोषमा रकम जम्मा गर्ने :

बालबालिकाको क्षेत्रमा नेपाल भित्र कार्यरत गैर सरकारी संस्थाले वार्षिक कूल खर्चको अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरुको परियोजना विश्लेषण तथा सहजिकरण सिफारिस समितिको सिफारिसमा कालिका गाउँपालिकाले तोकेबमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

५. कोषको उपयोग :

कोषको उपयोग देहायको कामको लागि गरिनेछ :
क) आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,
ख) आपतकालिन अवस्थामा रहेका बालबालिकाहरुलाई राहत दिन तथा पुर्नस्थापना गर्न ,
ग) जोखिममा परेका बालबालिकाको संरक्षण,उद्धार तथा पुर्नस्थापना गर्न,
घ) समितिबाट स्विकृत कार्यक्रम सञ्चालन गर्न,
ङ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्न ,
च) बालबालिकाको हकहितमा समितिले तोके बमोजिमको अन्यकाम गर्न गराउन ।

६.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :

(१) कोषको रकम दफा ५ मा लेखिएको बाहेक अन्य काममा उपयोग गर्न सकिने छैन ।
(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कोषको कुल खर्चको पाँच प्रतिशत सम्मको रकम

सहजिकरण समितीको बैठक सञ्चालनमा खर्चको लागि उपयोग गर्न सक्नेछ ।

७. समितिको गठन तथा कोष सञ्चालन :

(१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालन सहजिकरण समिति रहनेछ ।

(२) उपदफा(१) वमोजिम समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| ख) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ग) गाउँपालिका सामाजिक विकास समिति संयोजक | सदस्य |
| घ) सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| ङ) स्थानीय प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| च) आर्थिक प्रशासन इकाइ प्रमुख | सदस्य |
| छ) महिला बालबालिका तथा समाज कल्याण इकाइ प्रमुख | सदस्य सचिव |

(३) कोषको सञ्चालनदफा (७) उपदफा २) अनुसार आर्थिक प्रशासन इकाई प्रमुखको अनिवार्य हस्ताक्षरमा यस समितिका संयोजक र सदस्य सचिवमध्ये कुनै एकको संयुक्त दस्तखतबाट खाता सञ्चालनहुने गरि समितिले तोकेको बैङ्कमा एक ***आपतकालिन बाल उद्धार कोष*** को नाममा खाता संचालन गरिनेछ ।

(४) दफा ७ को उपदफा ३ बमोजिमको खातामा रहेको रकम दफा (७) उपदफा २) को समितिको बैठकको निर्णय अनुसार खर्च हुनेछ ।

८. कोषको लेखा परिक्षण :

(१) कोषको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

९. रकम फ्रिज नहुने :

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाकीँ रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१०. अभिलेख राख्ने तथा प्रतिवेदन पेश गर्ने :

समितिले आफुले गरेको कामको प्रतिवेदन आर्थिक वर्षको समाप्तमा गाउँपालिकामा पेश गर्नुपर्ने छ । र समितिले आफुले गरेको कामको अभिलेख दुरुस्त रुपमा महिला तथा बालबालिका शाखामा राखिने छ ।

११. कोष खारेज हुन सक्ने :

१) कुनै कारणवस कोष सञ्चालन गर्न आवश्यक नभएमा नेपाल सरकारले खारेज गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम नेपाल सरकारमा स्वत हस्तान्तरण हुनेछ ।

**प्रमाणीकरण मितिः** २०७६/०३/०२ **स्वीकृत मिति** : २०७६/०२/३२

आज्ञाले,
शर्मिला न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत